# स्वर्ग, परमेश्वरको मनमोहक घर




**लेखन** Edward Hughes
**चित्र** Lazarus

**अनुवाद** B.K. Shrestha
**सयोजन** Sarah S.


Story 60 of 60


**M1914.org**

**Bible for Children, PO Box 3, Winnipeg MB  R3C 2G1  Canada**



अनुमतिपत्र: यो कथा सित्तैंमा वितरण गर्नको निम्ति मात्र प्रतिलिपि गर्न वा छाप्न अनुमति दिइएको छ तर बिक्रीका लागि होइन ।


पृथ्वीमा रहनुहुँदा प्रभु येशूले आफ्ना चेलाहरूलाई स्वर्गको बारेमा बताउनुभयो । उहाँले यसलाई “मेरा पिताको घर” भन्नुभयो र त्यहाँ धेरैवटा महलहरू छन् भनी भन्नुभयो । महल भनेको विशाल, सुन्दर घर हो । स्वर्ग संसारको कुनै पनि घरभन्दा ठूलो र सुन्दर हुन्छ ।





प्रभु येशूले भन्नुभयो, “म तिमीहरूका निम्ति ठाउँ तयार पार्न जान्छु । अनि म गएँ र तिमीहरूका निम्ति ठाउँ तयार पारेँ भने म तिमीहरूलाई लिन फेरि आउनेछु ।”





स्वर्गमा मृत्यु पनि हुँदैन । परमेश्वरका जनहरू सदासर्वदा परमप्रभुसँग रहनेछन् । त्यहाँ कष्ट, रोदन, पीडा हुँदैन । रोग, बिछोड, मृत्यु हुँदैन । स्वर्गमा सबैजना परमेश्वरसँगै सदासर्वदा खुसी हुन्छन् ।





सबैभन्दा उत्तम कुरा, स्वर्ग ती बालबालिकाका लागि (र वयस्कहरूका लागि पनि) हो जसले येशू ख्रीष्टलाई आफ्ना मुक्तिदाता भनी विश्वास गरेका छन् र उहाँलाई आफ्ना प्रभु भनी उहाँको आज्ञा पालन गरेका छन् ।






स्वर्गमा एउटा पुस्तक हुन्छ जसको नाम थुमाको जीवनको पुस्तक हो । यसमा मानिसहरूका नाम लेखिएको हुन्छ । त्यहाँ कसकसको नाम लेखिएको छ भन्ने के तिमीलाई थाहा छ ? प्रभु येशूमाथि भरोसा गर्ने सबै मानिसहरूका नाम ।
के तिम्रो नाम त्यहाँ छ ?






स्वर्गको बारेमा बाइबलले भनेका अन्तिम शब्दहरू एउटा अति सुन्दर निम्तो हुन् ।






“अनि आत्मा र दुलही भन्नुहुन्छ: ‘आओ !’ अनि जसले सुन्छ, उसले भनोस्: ‘आओ !’ अनि जो तिर्खाउँछ, ऊ आओस् । अनि जसले चाहन्छ, उसले सित्तैंमा जीवनको पानी लेओस् ।”






स्वर्ग, परमेश्वरको मनमोहक घर

परमेश्वरको वचन बाइबलबाट लिइएको कथा

जुन

यूहन्ना १४, २ कोरिन्थी ५, प्रकाश ४,२१,२२

मा पाइन्छ

“तपाईंका वचनको व्याख्याले ज्योति प्रदान गर्छ ।”
भजनसंग्रह ११९:१३०

हामीले खराब कामहरू गरेका छौं भन्ने परमेश्वर जान्नुहुन्छ जसलाई उहाँ पाप भन्नुहुन्छ । पापको सजाय मृत्यु हो ।

परमेश्वरले हामीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि हाम्रा पापको निम्ति क्रूसमा मरेर सजाय भोग्न उहाँले आफ्ना एकमात्र पुत्र येशूलाई पठाउनुभयो । त्यसपछि प्रभु येशू फेरि जीवित हुनुभयो र स्वर्ग फर्किजानुभयो ! अब परमेश्वरले हाम्रा पापहरू क्षमा गर्न सक्नुहुन्छ ।

यदि तिमी आफ्ना पापहरूदेखि फर्किआउन चाहन्छौ भने परमेश्वरलाई यसो भन: प्यारो परमेश्वर, प्रभु येशू मेरो निम्ति मर्नुभयो र अहिले फेरि जीवित हुनुभएको छ भनी म विश्वास गर्दछु । कृपा गरी मेरो जीवनमा आउनुहोस् र मेरा पापहरू क्षमा गर्नुहोस् ताकि मैले अहिले नयाँ जीवन पाउन र सधैंभरि तपाईंसँग बस्न सकूँ । तपाईंको सन्तान भएर तपाईंको निम्ति जिउन मलाई सहायता गर्नुहोस् । आमेन । यूहन्ना ३:१६

दिनहुँ बाइबल पढ र परमेश्वरसँग कुराकानी गर !

**नेपाली** Nepali


मरेकाहरूबाट पुन: जीवित हुनुभएपछि प्रभु येशू स्वर्ग जानुभयो । उहाँका चेलाहरूले हेर्दैगर्दा प्रभु येशू माथि उचालिनुभयो र एउटा बादलले उहाँलाई तिनीहरूका नजरबाट लुकाइलग्यो ।
3
तबदेखि क्रिश्चियनहरूले प्रभु येशूको त्यही प्रतिज्ञा सम्झेका छन् – तिनीहरूलाई लिन उहाँ फेरि आउनुहुन्छ । उहाँ नचिताइएको समयमा अचानक आउनुहुन्छ भनी प्रभु येशूले भन्नुभयो ।
प्रभुसंग रहनुभएका
4
तर उहाँ आउनुभन्दा अगाडि मर्ने क्रिश्चियनहरूलाई के हुन्छ त ? तिनीहरू सीधै प्रभु येशूसँग रहनलाई जान्छन् भनी बाइबल भन्छ । शरीरमा नरहनु भनेको प्रभुसँग रहनु हो ।
प्रभुसँग रहनुभएका
5
बाइबलको अन्तिम पुस्तक प्रकाशको पुस्तकले स्वर्ग कति सुन्दर छ भनी हामीलाई भन्छ । सबैभन्दा सुन्दर कुरा त के भने, स्वर्ग परमेश्वरको घर हो । परमेश्वर जतातत‍ै हुनुहुन्छ तर उहाँको सिंहासन स्वर्गमा छ ।
6
स्वर्गदूतहरू र अन्य स्वर्गीय प्राणीहरूले स्वर्गमा परमेश्वरको आराधना गर्छन् । मरेर स्वर्ग गएका परमेश्वरका सबै जनहरूले पनि त्यसो नै गर्छन् । तिनीहरूले परमेश्वरको प्रशंसाका विशेष भजनहरू गाउँछन् ।
7
तिनीहरूले गाउने एउटा भजनका केही शब्दहरू यस प्रकार छन्: तपाईं योग्यका हुनुहुन्छ किनकि आफ्नै रगतद्वारा तपाईंले हरेक कुल, भाषा, …
8
… मानिस र जातिबाट हामीलाई परमेश्वरका निम्ति किनेर छुटाउनुभएको छ अनि हामीलाई हाम्रा परमेश्वरका निम्ति राजाहरू र पूजाहारीहरू बनाउनुभएको छ । (प्रकाश ५:९)
9
बाइबलका सबैभन्दा अन्तिम पृष्ठहरूले स्वर्गलाई "नयाँ यरूशलेम" भनी व्याख्या गर्छन् । यो अति अग्लो पर्खालले घेरिएको अत्यन्त विशाल हुन्छ ।
10
यसको पर्खाल स्फटिकजत्तिकै पारदर्शी मणीहरूले बनेको हुन्छ । उक्त पर्खालको जग आकर्षक तथा चम्किने रत्नहरू र अमूल्य पत्थरहरूले ढाकिएको हुन्छ । सहरको हरेक ढोका एउटा सिङ्गै विशाल मणीले बनेको हुन्छ !
11
ती विशाल मणीले बनेका ढोकाहरू कहिल्यै बन्द हुँदैनन् । भित्र जाऔं र वरिपरि हेरौं त....आहा ! स्वर्ग भित्रपट्टि त झन् सुन्दर हुन्छ । पारदर्शी सिसाजस्तै शुद्ध सुनले सहर बनेको हुन्छ । सडकहरूसमेत सुनले बनेका हुन्छन् ।
12
परमेश्वरको सिंहासनदेखि जीवनको पानीको सुन्दर, कन्चन नदी बग्छ । उक्त नदीका दुवैपट्टि जीवनको रूख हुन्छ जुन सर्वप्रथम अदनको बगैंचामा पाइएको थियो । यो रूख अत्यन्त विशेष हुन्छ । यसले हरेक महिना भिन्दाभिन्दै गरी बाह्र किसिमका फल फलाउँछ । अनि जीवनको रूखका पातहरू जातिहरूलाई निको पार्नका निम्ति हुन् ।
13
स्वर्गमा उज्यालो दिनको लागि घाम वा जुन चाहिँदैन । परमेश्वरकै महिमाले त्यसलाई अचम्भको ज्योतिले भर्छ । त्यहाँ कहिल्यै रात पर्दैन ।
14
स्वर्गका जनावरहरूसमेत भिन्दै हुन्छन् । ती सबै अनुशासित र मित्रवत हुन्छन् । ब्वाँसा र थुमाहरू सँगै चर्छन् । बलिया सिंहहरूले गोरुले झैं पराल खाइरहेका हुन्छन् । परमप्रभु भन्नुहुन्छ, "तिनीहरूले मेरा सबै पवित्र पर्वतमा न त केही हानि न नोक्सानी गर्नेछन् ।"
15
वरिपरि हेर्दा स्वर्गमा केही कुरा नभएका हामीलाई थाहा हुन्छ । क्रोधका कुनै पनि शब्दहरू कहिल्यै पनि सुनिँदैनन् । कसैले पनि झगडा गर्दैन वा कोही पनि स्वार्थी हुँदैन । ढोकाहरूमा ताल्चा हुँदैन किनभने स्वर्गमा चोरहरू हुँदैनन् ।
16
त्यहाँ ढँटुवाहरू, हत्याराहरू, तन्त्रमन्त्र गर्नेहरू वा अन्य दुष्ट मानिसहरू हुँदैनन् । स्वर्गमा कुनै किसिमको पनि पाप हुँदैन ।
17
परमेश्वर वास गर्नुहुने स्वर्गमा आँसु हुँदैन । कहिलेकाहीं यो जीवनका विशाल कष्टहरूको कारण परमेश्वरका जनहरू रुनेछन् । स्वर्गमा परमेश्वरले सबै आँसु पुछिदिनुहुनेछ ।
18